# पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पूर्वखोला, पाल्पा ५ नं. प्रदेश, नेपाल २०७३

पत्र संख्या/Letter No.: ०७६/७७
चलानी नं./Ref. No.: १०३०

मितिः २०७७।३।१२

श्री वडा सचिव सबै

पूर्वखोला गाउपालिका पाल्पा

विषयः आन्तरिक राजस्व संकलन सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा तहाँ वडा कार्यालयबाट संकलन हुदै आएको आन्तरिक राजस्व अन्तर्गत मालपोत दस्तुर तथा अन्य सिफारिस दस्तुरका सम्बन्धमा आ.व. २०७६।७७ को हिसाव मिलान ०७७ आषाढ मसान्त भित्रै मिलाउनु पर्ने हुँदा आषाढ २९ गते सम्म मात्र आम्दानी रसिद तथा मालपोत रसिदबाट राजस्व संकलन गर्ने कार्य गरी २०७७ आषाढ ३० गते अनिवार्य रुपमा गाँउपालिकाको राजस्व खाता F204010000009 मा जम्मा गरी सक्कल भौचर र प्रयोग भएका रसिदका ठेलीहरु राजस्व शाखामा वुझाउनुहुन अनुरोध छ । साथै आषाढ ३० र ३१ गते कुनैपनि राजस्व संकलन नगर्नुहुन जानकारी गराइन्छ । एवं आगामी आ.व. २०७७।७८ का लागि आवश्यक पर्ने आम्दानी रसिद तथा मालपोत रसिदको ठेली सख्या के-कति आवस्यक पर्ने हो? सो को जानकारी यस कार्यालयलाई ७ दिनभित्र गराई आषाढ ३० गते नै उक्त ठेलीहरु सम्बन्धित वडा सम्म पुऱ्याई आगामी वर्षको आन्तरिक राजस्व आर्थिक ऐन २०७७ वमोजिम संकलन गर्नुहुन समेत जानकारी गराईन्छ ।

०७७।३।१२

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :-
श्री सूचना प्रविधि शाखा वेभसाईटमा अपलोड गरिदिनुहुन ।